# तुलसीपुर उपमहानगरपालिकाको बालहित कोष सञ्चालन कार्यबिधि, २०७६

<u>नगर कार्यपालिकाबाट पारित मितिः २०७६.११.१२</u>

<u>प्रस्तावनाः</u>

नेपालको संबिधान २०७२ को धारा ३९ को बालबालिकाको हकको कार्यान्वयन गर्न र स्थानीय सरकार ऐन, २०७४को दफा १०२ उपदफा(२) ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाको **बालहित कोष** सञ्चालन कार्यबिधि,२०७६ तयार गरिएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यबिधिको नाम **"तुलसीपुर उपमहानगरपालिको बालहित कोष सञ्चालन कार्यबिधि, २०७६"** रहने छ ।

(ख) यो कार्यबिधि नगरकार्यपालिकाको बैठकले पारित गरी नगर प्रमुखबाट प्रमाणिकरण गरेको मिति देखि लाग ुहुनेछ ।

**२) परिभाषा :**

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा

(क) "बालहितकोष "भन्नाले तुलसीपुर उपमहानगरपालिकाले आपतकालिन अबस्थामा रहेका बालबालिकाको उद्धारका लागि खडा गरेको कोष सम्झनु पर्दछ ।

(ख) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई सम्झनु पर्ने छ ।

(ग) "आपतकालिन अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका अवस्थाका बालबालिका सम्झनु पर्दछ ।

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको

(२) हराएको वा वेवारिसे अवस्थामा फेला परेको

(३) बन्धकमा रहेको वा जबरजस्ती श्रमबाट पिडित रहेको

(४) शारिरीक वा मानसिकयातना वा भेदभावबाट पिडित रहेको

(५) दुर्घटना भएको, प्राकृतिक वा मानव सिर्जित विपदबाट प्रभावित भएको

(६) बावु वा आमा कारागार वा हिरासतमा रहेको वाकुनै कसुरसंग सम्वन्धित रहेको कारणले वेवारिसे भएको

(७) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेको

(८) हिंसा बाट प्रभावित भएको

(९) कुनै पनि किसिमको अपांगता भएको

(१०) अपहरणमा परेको

११) सडकमा भेटिएको वेवारिस

१२) एच. आई. भी बाट संक्रमित

१३) समितिले तोकेको अन्य बालबालिका

घ) "समिति"भन्नाले दफा ७ (२) अन्तर्गत गठित समिति सम्झनु पर्दछ ।

**३. कोषको स्थापना :**

१) आपतकालिन अवस्थामा रहेका बालबालिकालाई तत्काल उद्धार,राहत र पुनःस्थापना गर्ने काम समेतका लागि तुलसीपुर उपमहानगरपालिकाले एक कोष खडा गर्नेछ ।

२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्तहुने अनुदान रकम

ख) तुलसीपुर उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम

ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम

घ) अन्य कुनै आन्तरिक तथा बाहिय स्रोतबाट प्राप्त रकम

ङ) बैंक खातामा रहेको मौजातबाट प्राप्तब्याज रकम

**४. कोषमा रकम जम्मा गर्ने**

तुलसीपुर उपमहानगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :**

कोषमा रहेको रकम देहायको कामको लागि उपयोग गरिनेछ ।

क) आपत्कालिन अबस्थामा रहेको रकम बालबालिकाको उद्धार गर्न ,

ख) आपत्कालिन अबस्थामा रहेको रकम बालबालिकालाई राहतदिन र पुनःस्थापना गर्न ,

ग) समितिबाट स्वीकृत कार्यक्रम संचालनगर्न ,

घ) समिति बाट गरिने कार्यक्रम अनुगमन, र बैठक संचालन गर्न ,

ङ) बालबालिकाको हकहित सम्बन्धमा समितिले तोके बमोजिम अन्य काम गर्न गराउन ,

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(क) कोषको रकम दफा ५ (ख) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको एक पटक भुक्तानी हुदाँको कुल खर्चको ५ प्रतिशत रकम समितिको सचिवालय तथा बैठक संचालन गर्न लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ ।

**७. समिति गठन :**

७.१ कोषको संचालन तथा व्यबस्थापन गर्ने प्रयोजनको लागि एक कोष व्यबस्थापन समिति रहनेछ ।

७.२. समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर उपप्रमुखः संयोजक

(ख) सामाजिक विकास समिति संयोजकः सदस्य

(ग) बाल संरक्षक उपसमिति संयोजक : सदस्य

(घ) ईलाकाप्रहरी कार्यालयको अधिकृत प्रतिनिधि : सदस्य

(ङ) वालमैत्री स्थानीय शासन नगर समिति बाट एक जना सदस्य : सदस्य

(च) नगरस्तरीय बाल संजाल समितिको अध्यक्षः सदस्य

(छ) बालबालिकाको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु मध्येबाट र विज्ञको क्षेत्रबाट संयोजकले मनोनित गरेको दुईजना सदस्यः सदस्य

(ज) महिलाबालबालिका तथा सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव

मनोनीत सदस्यहरुको कार्य अवधि २ वर्षको रहनेछ ।

**८. समितिको काम,कर्तव्य र अधिकार :**

समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) आपत्कालिन अबस्थामा रहेका बालबालिकाको उद्धार गर्ने , पुनःस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ,

ख) आपत्कालिन अबस्थामा रहेका बालबालिकाको पहिचान गर्ने ,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ,

ङ) आपत्कालिन अबस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाइ लागू गर्ने ,

च) आपत्कालिन अबस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने गराउने ,

छ) आपत्कालिन अबस्थामा रहेका बालबालिकाको उद्धार गर्ने ,

ज) आपत्कालिन अबस्थामा रहेका बालबालिकालाई राहतदिने र पुनःस्थापना गर्ने ,

झ) समितिबाट गरिने कार्यक्रमको अनुगमनगर्ने वा गराउने ,

ञ) बालबालिकाको क्षेत्रमा कामगर्ने निकायसँग समन्वय गर्ने ,

ट) समितिलाई तत्काल आवश्यक नपर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ,

ठ) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने ,

ड) आपत्कालिन अबस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने ,

**९. समितिको बैठक र निर्णय :**

क) समितिको बैठक आबश्यकता अनुसार बस्नेछ ,

ख) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ,

ग) समितिको बैठक बस्नु अघि कम्तीमा चौबिस घण्टा अगावै समितिको सचिबले बैठकमा छलफलमा आउने बिषयबस्तु सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ,

घ) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ,

ङ)	समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ,

च)	समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ,

छ )	समितिले आबश्यकता अनुसार उपमहानगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै बालअधिकारकर्मीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

ज)	समितिको निर्णय समितिको सदस्य सचिबले प्रमाणित गरी राखिनेछ ,

झ)	समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ,

**१०. समितिको प्रशासनिक खर्च :**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

**११. खाता सञ्चालन :**

क)	कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकको खाता खोली जम्मा गर्नु पर्दछ ।

ख)	उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखत बाट हुनेछ ।

**१२. कोषको लेखा र लेखा परिक्षण :**

कोषको लेखा र लेखा परिक्षण उपमहानगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१३. कोषको रकम फ्रिज नहुने :**

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. प्रतिबेदन पेश गर्ने :**

१)	समितिले आफूले गरेको कार्यको वार्षिक कार्यको प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२)	उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिबेदन नगरकार्यपालिकाले सार्बजनिक गर्ने छ ।

**१५. बैठक भत्ता :**

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**१६. कोषको सचिवालय** : कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

**१७. अभिलेख राख्ने** : समितिले आफूले गरेकाकामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१८. निर्देशनदिन सक्ने** :

क) नगरकार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालनागर्नु समितिको कर्तव्य हुनेछ ।

**१९. अधिकार प्रत्यायोजन :**

समितिले यस कार्यबिधि बमोजिम आफूलाई प्राप्तअधिकार मध्ये आबश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगरकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२०. कोष खारेज हुन सक्ने :**

क) कुनै कारण बस कोष संचालनगर्न आबश्यक नदेखिएमा नगरकार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

ख) उपदफा (क) बमोजिम कोष खारेज भएमाकोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरकार्यपालिकाको बैठकबाट हुनेछ ।